# गुराँस राजपत्र

गुराँस गाउँपालिकाद्धारा प्रकाशित

खण्डः  १०　　　　संख्याः२१　　　　मितिः२०८३।०५।१६

भागः २


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रम सचांलन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रम सचांलन कार्यविधि, २०८३ जारी गरेको छ।

**गुराँस गाउँपालिका**

**आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रम सचांलन कार्यविधि, २०८३**

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८३/०५/१०
प्रमाणीकरण मितिः२०८३/०५/१५

**प्रस्तावनाः**

गुराँस गाउँपालिका आलु बालीको उत्पादनको उच्च सम्भावना भएको क्षेत्र हो। परम्परागत रूपमा प्रयोग हुँदै आएको पुरानो तथा रोगग्रस्त बीउका कारण उत्पादन र उत्पादकत्वमा दिनानुदिन कमी हुँदै आएको छ। गुणस्तरीय मूल बीउको अभाव, आधुनिक प्रविधिको सीमित प्रयोग, बजार व्यवस्थापनको कमजोरी तथा उत्पादन लागतको वृद्धिका कारण कृषकहरूले अपेक्षित आम्दानी लिन सकेका छैनन्। यस अवस्थालाई सुधार गर्न पुरानो आलुको बीउलाई क्रमशः प्रतिस्थापन गरी प्रमाणित तथा गुणस्तरीय मूल बीउ उत्पादन, सुपरजोन तथा पकेट क्षेत्र विस्तार, यान्त्रीकरण, तालिम तथा क्षमता विकास, माटो स्वास्थ्य सुधार, उत्पादन संकलन, भण्डारण तथा बजारीकरणलाई व्यवस्थित गरी कृषकको आय वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ण) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो ''**आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** तयार गरी जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३** रहेको छ।

(ख) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

(ग) यो कार्यविधि आ.ब. २०८३/०८४ मा विशेष अनुदान कार्यक्रम संचालनका लागि मात्र लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ×कार्यविध" भन्नाले आलु मुल वीउ उत्पादन सुपरजोन पकेट क्षेत्र विस्तार तथा बजारीकरण कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८३ सम्झनुपर्नेछ ।

(ख) "अनुगमन समिति" भन्नाले यस गुराँस गाउँ कार्यपालिकामा उपाध्यक्षको संयोजकत्वमा गठन भएको **अनुगमन समिति** सम्झनु पर्दछ ।

(ग) "अनुदान" भन्नाले **आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण** कार्यक्रम बमोजिम उन्नत तथा गुणस्तरीय उत्पादन, प्रशोधन, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकरण तथा आधुनिकीकरणका लागि छनौट भएका अनुदानग्राहीहरुलाई प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री, उपकरण, तालिम तथा अन्य सहायता सम्झनु पर्दछ।

(घ) "अनुदानग्राही/लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका लाभग्राही व्यावसायिक कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, सम्बन्धित समिति तथा कृषि व्यावसायिहरुलाई सम्झनु पर्दछ।

(ङ) "आर्थिक विकास समिति" भन्नाले गुराँस गाउँ कार्यपालिकाको आर्थिक विकास समितिलाई सम्झनु पर्दछ।

(च) "कार्यक्रम" भन्नाले आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रमलाई सम्झनु पर्दछ।

(छ) "कार्यालय" भन्नाले गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेखलाई सम्झनु पर्दछ।

(ज) "कृषक समूह" भन्नाले यस गाउँपालिकामा दर्ता भएका १० देखि ३० जना कृषकहरुको समूहलाई सम्झनु पर्दछ।

(झ) "कृषि फर्म" भन्नाले एकल तथा साझेदारी स्वामित्वमा रही यस गाउँपालिकामा दर्ता वा सूचीकृत भएका कृषि फर्महरुलाई सम्झनु पर्दछ।

(ञ) "कृषि विकास शाखा" भन्नाले गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख मातहतको कृषि विकास शाखालाई सम्झनु पर्दछ।

(ट) "कृषि सामग्री" भन्नाले आलु बाली उत्पादनमा प्रयोग हुने प्राङ्गरिक मल, बीउ, बेर्ना, विरुवा, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन, पोषक तत्व, कृषि औजार लगायतका अन्य सामग्री वा वस्तु सम्झनु पर्दछ।

(ठ) "प्राविधिक समिति" भन्नाले यस गुराँस गाउँपालिका कृषि विकास शाखा प्रमुखको संयोजकत्वमा गठीत पशु सेवा शाखाको शाखा प्रमुख र दैलेख जिल्लामा रहेका कृषिसंग सम्बन्धित संघ तथा प्रदेश कार्यालयका प्राविधिक कर्मचारी प्रतिनिधि गरी ४ सदस्यीय समितिलाई सम्झनु पर्दछ ।

(ड) "लक्षित वर्ग" भन्नाले उद्यमी कृषक, कृषक समूह, कृषि सहकारी संस्था, सम्बन्धित समिति तथा कृषि व्यवसायीहरुलाई सम्झनु पर्दछ।

(ढ) "मूल बीउ" भन्नाले सम्बन्धित निकायबाट प्रमाणित गरिएको गुणस्तरीय आलुको बीउलाई जनाउँछ।

(ण) "सुपरजोन" भन्नाले आलु उत्पादनको उच्च सम्भावना भएको एकीकृत क्षेत्रलाई जनाउँछ।

(त) "पकेट क्षेत्र" भन्नाले निश्चित भूभागमा व्यावसायिक आलु खेतीका लागि विकास गरिएको क्षेत्रलाई जनाउँछ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य, क्रियाकलाप र अपेक्षित उपलब्धि

**३. कार्यक्रमको उद्देश्यः-**

(क) आलु बालीको गुणस्तरीय तथा रोगमुक्त मूल बीउ उत्पादन र प्रयोगलाई प्रवर्द्धन गर्नु।

(ख) पुरानो आलुको बीउलाई क्रमशः प्रतिस्थापन गरी गुराँस गाउँपालिकालाई गुणस्तरीय आलु बीउ उत्पादन केन्द्रको रूपमा विकास गर्नु ।

(ग) आलु उत्पादनका लागि उपयुक्त क्षेत्र पहिचान गरी सुपरजोन तथा पकेट क्षेत्रको विस्तार र विकास गर्नु।

(घ) आलु बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषकहरूको आयआर्जन र रोजगारीका अवसरमा वृद्धि गर्नु।

(ङ) स्थानीय जातका आलुको बीउ तथा उत्पादनको संकलन, भण्डारण, प्रशोधन, प्याकेजिङ तथा बजारीकरण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनु।

(च) आलु उत्पादनमा संलग्न कृषक तथा कृषि उद्यमीलाई आवश्यक प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराई व्यावसायिक एवं दिगो आलु खेतीको विकास गर्नु।

(छ) कृषि तालिम मार्फत आलु खेती प्रविधिमा कृषकलाई जागरुक गराउनु ।

**४. प्रमुख क्रियाकलापहरुः-** संघीय सरकारबाट विशेष अनुदानमा हस्तान्तरण भएको गाउँपालिकाको गाउँसभाबाट पारित बजेटलाई मध्यनजर गरी चौमासिक रुपमा तपसिलका क्रियाकलापहरु पर्ने गरी कार्यक्रम संचालन गरिने छ।

(क) मूल बीउ उत्पादन

- कृषि सामग्री वितरण(मल्चिङ प्लाष्टिक, जैविक मल, गड्यौला मल, सूक्ष्म पोषक तत्व, रोग तथा कीरा व्यवस्थापन सामाग्रीहरु, प्लाष्टिक क्रेट, बीउ उपचार सामग्रीहरु, कृषि औजारहरु, कृषि चुन आदी।)
- कृषि यान्त्रीकरण(मिनी टिलर, पावर टिलर, स्प्रेयर, आलु रोप्ने मेसिन, आलु खन्ने उपकरण, ग्रेडिङ मेसिन, डिजिटल तौल मेसिन)
- भण्डारण तथा बजारीकरणका लागि आवश्यक सामग्री तथा पूर्वाधार निर्माण
- सिंचाई पूर्वाधार निर्माण तथा सिंचाई सामग्री वितरण
- ढूवानी

(ख) बजारीकरण

- बजारीकरणका लागि आवश्यक पूर्वाधार निर्माण
- बजारीकरण अन्तर्गत भण्डारण, प्रशोधन, प्याकेजिङ्, ब्राण्डिङ जस्ता क्रियाकलापका लागि आवश्यक सामग्रीहरु
- ढूवानी

(ग) सुपरजोन तथा पकेट क्षेत्र विस्तार

- कृषि सामग्री वितरण(मल्चिङ प्लाष्टिक, जैविक मल, गड्यौला मल, सूक्ष्म पोषक तत्व, रोग तथा कीरा व्यवस्थापन सामाग्रीहरु, प्लाष्टिक क्रेट, बीउ उपचार सामग्रीहरु, कृषि औजारहरु आदी।)
- कृषि यान्त्रीकरण(मिनी टिलर, पावर टिलर, स्प्रेयर, आलु रोप्ने मेसिन, आलु खन्ने उपकरण, ग्रेडिङ मेसिन, डिजिटल तौल मेसिन)
- भण्डारण तथा बजारीकरणका लागि आवश्यक सामग्री तथा पूर्वाधार निर्माण
- सिंचाई पूर्वाधार निर्माण तथा सिंचाई सामग्री वितरण
- ढूवानी

(घ) प्राविधिक सेवा टेवाः

- माटो परीक्षण शिविर संचालन
- बाली कटानी
- कृषकस्तर तालिम तथा क्षमता विकास(पालिका स्तरीय तालिम, स्थलगत तालिम)

(ङ) कृषि यान्त्रीकरण

अनुदानमा वितरण गर्न सकिने सामग्री:

- मिनी टिलर
- पावर टिलर

- स्प्रेयर
- मल्चिङ सामग्री
- बीउ काट्ने तथा ग्रेडिङ उपकरण
- आलु रोप्ने उपकरण
- आलु खन्ने उपकरण
- डिजिटल तौल मेसिन
- क्रेट तथा प्याकेजिङ सामग्री

**५. अपेक्षित उपलब्धिहरुः-**

(क) आलु बालीको गुणस्तरीय तथा रोगमुक्त मूल बीउ को उत्पादन र प्रयोगमा वृद्धि भई किसानलाई सहज रूपमा उपलब्ध हुनेछ।

(ख) आलु उत्पादनका लागि उपयुक्त क्षेत्रहरूमा सुपरजोन तथा पकेट क्षेत्रको विस्तार भई उत्पादनशीलता वृद्धि हुनेछ।

(ग) आलुको उत्पादन र उत्पादकत्व बढ्ने, किसानको आयमा वृद्धि हुने तथा स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना हुनेछन्।

(घ) स्थानीय जातका आलुको बीउ तथा उत्पादनको संकलन, भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारीकरण प्रणाली व्यवस्थित र प्रभावकारी बन्नेछ।

(ङ) आलु उत्पादक किसान तथा कृषि उद्यमीले आवश्यक प्राविधिक र संस्थागत सहयोग प्राप्त गरी व्यावसायिक तथा दिगो आलु खेतीको विकास हुनेछ।

(च) गुणस्तरीय आलु बीउको प्रयोग बढ्दा रोगको प्रकोप घट्ने, उत्पादन लागत कम हुने तथा उत्पादनको गुणस्तरमा सुधार आउनेछ।

## परिच्छेद-३
## कार्यक्रम अन्तर्गत उपलब्ध गराइने सहयोग, लागत साझेदारीको विवरण तथा अनुदानको सिमा

**६. कार्यक्रम अन्तर्गत उपलब्ध गराइने सहयोग र लागत साझेदारीको विवरण**

क) मूल बीउ उत्पादन

- लागत साझेदारीः- गाउँपालिकाले कृषि सामग्री वितरण तथा ढूवानीमा ५० देखि ७० प्रतिशत कार्यालयको तर्फबाट र लाभग्राहीको ५० देखि३० प्रतिशत साझेदारीमा कार्यक्रम संचालन गर्नेछ। कृषि यान्त्रीकरणका लागि कार्यालयको तर्फबाट ५० प्रतिशत र लाभग्राहीको ५० प्रतिशत साझेदारीमा कार्यक्रम संचालन गर्नेछ। भण्डारण तथा बजारीकरणका लागि आवश्यक सामग्री तथा पूर्वाधार निर्माण र सिंचाई पूर्वाधार निर्माण तथा सिंचाई सामग्री वितरण कार्यमा ८५ प्रतिशत कार्यालयको तर्फबाट र लाभग्राहीको १५ प्रतिशत साझेदारीमा कार्यक्रम संचालन गर्नेछ । होडिङ बोर्ड तयारी र सार्वजनिक सुनुवाईका लागि प्रति प्रस्तावना जम्मा रकम रु. ५,५००/- कार्यालयले १०० प्रतिशत अनुदान उपलब्ध गराउनेछ।
- अनुदानको सीमाः मूल बीउ उत्पादन क्रियाकलापका लागि प्रति रोपनी बढीमा रकम रु. २०,०००/- अनुदान उपलब्ध गराइनेछ।

(ख) बजारीकरण

- लागत साझेदारीः- गाउँपालिकाले यस क्रियाकलाप अन्तर्गतका कार्यहरु संचालनका लागि ८५ प्रतिशत कार्यालयको तर्फबाट अनुदान प्रदान गर्नेछ भने लाभग्राहीको १५ प्रतिशत लागत साझेदारीमा गर्नुपर्नेछ। होडिङ बोर्ड तयारी र सार्वजनिक सुनुवाईका लागि प्रति प्रस्तावना जम्मा रकम रु. ५,५००/- कार्यालयले १०० प्रतिशत अनुदान उपलब्ध गराउनेछ।
- अनुदानको सीमाः यस क्रियाकलापका लागि प्रस्तावना बढीमा रकम रु. १०,००,०००/- अनुदान उपलब्ध गराइनेछ।

(ग) सुपरजोन तथा पकेट क्षेत्र विस्तार

- लागत साझेदारीः- गाउँपालिकाले कृषि सामग्री वितरण तथा ढूवानीमा ५० देखि ७० प्रतिशत कार्यालयको तर्फबाट र लाभग्राहीको ५० देखि ३० प्रतिशत साझेदारीमा कार्यक्रम संचालन गर्नेछ। कृषि यान्त्रीकरणका लागि कार्यालयको तर्फबाट ५० प्रतिशत र लाभग्राहीको ५० प्रतिशत साझेदारीमा कार्यक्रम संचालन गर्नेछ। भण्डारण तथा बजारीकरणका लागि आवश्यक सामग्री तथा पूर्वाधार निर्माण र सिंचाई पूर्वाधार निर्माण तथा सिंचाई सामग्री वितरण कार्यमा ८५ प्रतिशत कार्यालयको तर्फबाट र लाभग्राहीको १५ प्रतिशत साझेदारीमा कार्यक्रम संचालन गर्नेछ। होडिङ बोर्ड तयारी र सार्वजनिक सुनुवाईका लागि प्रति प्रस्तावना जम्मा रकम रु. ५,५००/- कार्यालयले १०० प्रतिशत अनुदान उपलब्ध गराउनेछ।
- अनुदानको सिमाः मूल बीउ उत्पादन क्रियाकलापका लागि प्रति रोपनी बढीमा रकम रु. ८,०००/- अनुदान उपलब्ध गराइनेछ।

(घ) प्राविधिक सेवा टेवाः

- लागत साझेदारीः- गाउँपालिकाले यस अन्तर्गतका क्रियाकलापहरु १०० प्रतिशत अनुदानमा संचालन गर्नेछ।
- अनुदानको सिमाः प्राविधिक सेवा टेवा अन्तर्गतका क्रियाकलापका लागि बढीमा रकम रु. ८,००,०००/- खर्च गर्न सकिनेछ।

(ङ) बजेट सम्बन्धी अन्य व्यवस्थाः

- कार्यक्रम संचालनका क्रममा हुने कार्यालय संचालन खर्च (बैठक भत्ता तथा खाजा खर्च, दैनिक भ्रमण भत्ता तथा यातायात खर्च, सञ्चार खर्च, सवारी भाडा, स्टेश्नरी खर्च आदि।) विनियोजित बजेटको ५% मा नबढ्ने गरी गर्नुपर्नेछ।
- विनियोजित बजेटको विस्तृतीकरण आर्थिक विकास समिति मार्फत हुनेछ।

## परिच्छेद-४

## कार्यक्रम संचालन प्रक्रिया र अनुदानग्राही छनौट मापदण्ड

### ७. सूचना प्रकाशन तथा प्रस्तावना पेश

(क) कृषि विकास शाखाले कम्तीमा दफा ४ मा उल्लेखित क्रियाहलापहरु संचालनका लागि १५ दिनको प्रस्ताव आह्वानको सार्वजनिक सूचना अनुसूची १ बमोजिम प्रकाशित गरी आवेदन माग गर्नेछ।

(ख) उपदफा (क) मा जुन कुरा उल्लेख गरिएता पनि प्राविधिक सेवा जस्ता क्रियाकलापहरु संचालनका लागि कृषि विकास शाखाले सूचना प्रकाशन नगरी वडा कार्यालयहरुको समन्वयमा संचालन गर्न सक्नेछ।

(ग) आवेदकले अनुसुची २ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित प्रस्तावना पेश गर्नुपर्नेछ ।

(घ) आवेदकले प्रस्तावना पेश गर्दा अनुसूची ३ बमोजिमको प्रतिवद्धता समेत गर्नुपर्नेछ।

**८. अनुदानग्राही छनौटका लागि अनुगमन, मूल्याङ्कन र लागत अनुमानः**

(क) यस कार्यविधिको दफा ६ को उपदफा (ख) र (घ) मा उल्लेखित सहयोग तथा साझेदारीका क्षेत्र बाहेकका क्रियाकलापहरु संचालन र अनुदानग्राही छनौटका लागि कृषि विकास शाखाको कृषि प्राविधिक कर्मचारीले अनुसूची ४ बमोजिम फिल्ड भेरिफिकेशन गर्नेछ।

(ख) यस कार्यविधिको दफा ६ को उपदफा (ख) मा उल्लेखित सहयोग तथा साझेदारीका क्षेत्रका क्रियाकलापहरु संचालन र अनुदानग्राही छनौटका लागि कृषि विकास शाखाको कृषि प्राविधिक कर्मचारीले अनुसूची ५ बमोजिम फिल्ड भेरिफिकेशन गर्नेछ।

(ग) कृषि प्राविधिक मार्फत प्राप्त प्रतिवेदनका आधारमा आर्थिक विकास समितिले अनुसूची ६ का आधारमा **मूल बीउ उत्पादन** र **सुपरजोन तथा पकेट क्षेत्र विस्तार**का लागि प्राप्त प्रस्तावनाहरुको मूल्याङ्कन तथा अनुसूची ७ का आधारमा **बजारीकरण**का लागि प्राप्त प्रस्तावनाहरुको मूल्याङ्कन गरी प्रस्तावहरुको छनौटका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(घ) कार्यक्रम संचालन गर्दा आलु खेतिको भौगोलिक सम्भाव्यता, कृषकहरुको अनुभव, क्षेत्रफल विस्तार, सिँचाई स्रोत, बजारीकरणको सम्भावना जस्ता क्षेत्रहरुलाई विषेश प्राथमिकता दिइनेछ।

(ङ) स्वीकृत प्रस्तावनाहरुको कार्यक्रम सम्झौताका लागि लागत अनुमान आर्थिक विकास समितिले तय गरे बमोजिम हुनेछ।

**९. सम्झौताः-**

(क) यस कार्यविधिको दफा ४, उपदफा (क), (ख) र (ग) मा उल्लेखित क्रियाकलापहरु संचालनका लागि गाउँ कार्यपालिकाबाट स्वीकृत लाभग्राहीहरुले अनुसूची ८ बमोजिम सम्झौता गर्नुपर्नेछ।

**१०. सम्पन्न कार्यक्रमको अनुगमन र भुक्तानी सिफारिसः-**

(क) गाउँ कार्यपालिकाबाट स्वीकृत लाभग्राहीहरुले सम्झौता बमोजिम कार्य सम्पन्न गरी अनुगमन समितिको अनुगमन प्रतिवेदन, अनुसूची ९ बमोजिमको कार्यसम्पन्न प्रतिवेदन सहित कार्यक्रमको सार्वजनिकीकरण तथा सार्वजनिक लेखा परीक्षण गरी आवश्यक विल भरपाई र कार्यक्रम झल्किने फोटोहरु पेश गरी भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ।

(ख) भुक्तानीका लागि पेश हुन आएका लाभग्राहीहरुले संचालन गरेको कार्यको प्राविधिक समितिले फिल्ड अनुगमन गरी आर्थिक विकास समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ग) प्राविधिक समितिको फिल्ड अनुगमन प्रतिवेदन सहित भुक्तानी हुन आएका लाभग्राहीको अन्तिम भुक्तानी सिफारिस आर्थिक विकास समितिले गर्नेछ।

## परिच्छेद ७ विविध

**११. लाभग्राहीको दायित्वः**

(क) लाभग्राहीले देहायका कार्य गर्नुपर्नेछ।

- सम्झौताअनुसार कार्यक्रम सञ्चालन गर्ने।
- उपलब्ध बीउ तथा उपकरणको सही प्रयोग गर्ने।
- उत्पादन विवरण गाउँपालिकालाई उपलब्ध गराउने।
- अनुगमन टोलीलाई आवश्यक सहयोग गर्ने।
- अनुदानबाट प्राप्त सामग्री बिक्री वा दुरुपयोग नगर्ने।

**१२. अनुदान दुरुपयोग भएमा**

(क) देहायको अवस्था देखिएमा गाउँपालिकाले अनुदान रकम, औजार वा सामग्रीहरु फिर्ता लिन सक्नेछ।

- सम्झौता विपरीत प्रयोग गरेमा।
- झुठो विवरण पेश गरी अनुदान लिएमा।
- कृषि सामग्री तथा उपकरण बिक्री गरेमा।
- बीउको दुरुपयोग गरेमा।
- प्राविधिकहरुको निर्देशन बमोजिम कार्यक्रम सञ्चालन नगरेमा।

**१३. संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

**१४. खारेजी तथा बचाउः**

(क) यस पूर्व कार्यकारी निर्यणबाट भए गरेको यस प्रकारका कामकारबाही यसै कार्यविधि बमोजिम गरेको मानिनेछ ।

(ख) यस कार्यविधि बमोजिम नगरिएका कामकारबाही कानुनतः खारेजी हुनेछ ।

अनुसूची-१

(परिच्छेद ४, दफा ७ को उपदफा (क) सँग सम्बन्धित)

सूचना फारम

सूचना नं. मितिः

आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रम सचांलनका लागि प्रस्ताव आह्वानको सूचना

यस आर्थिक वर्ष २०८३/084 मा गुराँस गाउँपालिकाको वार्षिक स्वीकृत आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा पालिका भित्रका व्यावसायिक कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, सम्बन्धित समिति तथा कृषि व्यावसायीहरुले दरखास्त पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गुराँस गाउँपालिकाको कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। यस सम्बन्धी थप जानकारीको लागि कृषि विकास शाखाको सम्पर्क नं. ........................................ मा सम्पर्क गर्न सकिनेछ।

कार्यक्रम सम्बन्धी विवरण

| क्र.सं. | क्रियाकलापहरु | उप क्रियाकलापहरु | अनुदान(%) | कैफियत |
|---|---|---|---|---|
| १. | आलु बालीको मूल बीउ उत्पादन | | | |
| २. | बजारीकरण | | | |
| ३. | सुपरजोन, पकेट क्षेत्र विस्तार | | | |

आवश्यक कागजातः

१. अनुसूची २ अनुसारको कार्यक्रम माग निवेदन,
२. सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र,
३. कृषि फर्म, कृषि सहकारी र कृषक समूहको हकमा दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. संस्थागतको हकमा कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपि,
५. लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडमा भएका कम्तिमा १० वर्षको जग्गा भाडा सम्झौता पत्रको प्रतिलिपि,
६. नेपाली नागरिकताको प्रतिलिपि,
७. प्रतिवद्धता पत्र,
८. लागत अनुमान सहितको कार्यक्रम प्रस्तावना,
९. अन्य तोकीएका कागजातहरु

## अनुसूची २

(परिच्छेद ४, दफा ७ को उपदफा (ग) सँग सम्बन्धित)

**लाभग्राही आवेदन फाराम**

मितिः

श्री गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको
कार्यालय, दैलेख।

विषयः कार्यक्रममा सहभागी गराइदिनुहुन।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको सूचना नं. .... , मिति......................मा प्रकाशन गरिएको आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी सूचना अनुसार गुराँस गाउँपालिका वडा नं. ...... मा रहेको ................ कृषि फर्म/कृषक समूह/कृषि सहकारी तथा व्यावसायिक कृषकले तपसिलका क्रियाकलाप र उप क्रियाकलापहरु संचालन गर्न इच्छुक रहेकोले कार्यक्रममा समावेश गराईदिनुहुन आवश्यक कागजात सहित आवेदन पेश गरेको छु।

तपसिलः

| क्र.सं. | क्रियाकलापहरु | उप क्रियाकलापहरु | इकाइ | परिमाण |
|---|---|---|---|---|
| १. | आलु बालीको मूल बीउ उत्पादन | | | |
| २. | बजारीकरण | | | |
| ३. | सुपरजोन, पकेट क्षेत्र विस्तार | | | |

अन्य विवरण

१. आवेदकको प्रकार:

☐ व्यक्तिगत कृषक

☐ कृषक समूह

☐ कृषि सहकारी

☐ कृषि फर्म

२. बीउ आलु(मूल बीउ)/खायन आलुको खेती गर्ने क्षेत्रफल:

कुल जग्गा: ........... रोपनी

आलु खेती क्षेत्र: ........... रोपनी

३. हाल प्रयोग भइरहेको बीउको अवस्था:

☐ पुरानो स्थानीय बीउ

☐ प्रमाणित बीउ

☐ अन्य ..................

४. आवश्यक सहयोग:

☐ मूल बीउ

☐ कृषि औजार

☐ प्राविधिक सेवा

☐ अन्य ..................

५. लागत साझेदारी गर्न तयार रकम:

रु. ..................................

६. सिंचाई स्रोत, सडक पूर्वाधार र विद्युत् उपलब्धताः

७. व्यवसायिक आलु खेतीको अनुभव वर्षः

८. कार्यक्रम संचालनबाट हुन सक्ने रोजगारी सिर्जना संख्याः

<u>निवेदकः</u>

नामः

ठेगानाः

फोन नं.

दस्तखतः

## अनुसूची ३

(परिच्छेद ४, दफा ७ को उपदफा (घ) सँग सम्बन्धित)

**प्रतिवद्धता पत्र**

गुराँस गाउँपालिका, दैलेखको सूचना नं. ......... मिति......................... गतेको प्रकाशित सूचना अनुसार आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रममा सहभागी हुन ईच्छुक भएकोले कार्य योजना सहितको निवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रम/आयोजनामा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/गर्नेछौं। यदि नगरेको पाइएमा प्राप्त अनुदान वा सामग्री फिर्ता गरी सम्बन्धित कार्यालयको कानून बमोजिमको कारबाही सहने छु/छौं भनि यो प्रतिबद्धता जाहेर गर्दछु/गर्दछौं। साथै उक्त कार्यक्रम/आयोजनामा छनौट भएमा यसै प्रकृतिका कार्यक्रम संचालनका लागि अन्य कुनै कार्यालयहरुबाट दोहोरोपना हुने गरी कार्यक्रम संचालन गर्ने छैन/छनौं।

इति सम्बत् २०८३ साल .......महिना ........ गते ....... रोज शुभम् ।

| दाँया | बाँया |
|---|---|
| | |

**निवेदकः**

नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नं.

फर्म/समूह/सहकारीको छापः

# अनुसूची ४

(परिच्छेद ४, दफा ८ को उपदफा (क) सँग सम्बन्धित)

मूल बीउ उत्पादन र सुपरजोन तथा पकेट क्षेत्र विस्तारका लागि प्राप्त प्रस्तावको अनुगमन फारम

| क्र.स | आधार/सूचकहरु | विवरण | कैफीयत |
|---|---|---|---|
| १ | प्रस्तावकको किसिम | | व्यक्तिगत, कृषि समूह/कृषि फर्म वा कृषि सहकारी |
| २ | भौगोलिक दृष्टिकोणले उपयुक्तता | | कार्यक्रम माग गरेका कृषकहरुको भौगोलिक क्षेत्र आलु खेतिको लागि कत्तिको उपयुक्त छ सो को विवरण |
| ३ | आधारभूत कृषि पूर्वाधार(सिंचाई, सडक र विद्युत्) को उपलब्धता | | सिंचाई, सडक र विद्युत् उपलब्ध भए नभएको खुलाउने |
| ४ | कृषकको अनुभव | | व्यवसायिक आलु खेतिको अनुभव वर्ष खुलाउने। |
| ५ | कार्यक्रम संचालनबाट हुन सक्ने रोजगारी सिर्जना | | रोजगारी सिर्जना संख्या खुलाउने। |
| ६ | विभिन्न कार्यालयबाट अनुदान लिए,नलिएको | | विगत ३ वर्षमा विभिन्न कार्यालयबाट यहि शीर्षकमा अनुदान लिए नलिएको। |
| ७ | प्रस्ताव गरेको आलु खेतिको क्षेत्रफल | | प्रस्ताव गरेको आलु खेतिको क्षेत्रफल खुलाउने। |

अनुगमन कर्ताको

नामः

पदः

दस्तखतः

प्रस्तावकको नामः

ठेगानाः

सम्पर्क व्यक्तिको नामः

सम्पर्क नं.

## अनुसूची ५

(परिच्छेद ४, दफा ८ को उपदफा (ख) सँग सम्बन्धित)
बजारीकरण सम्बन्धी क्रियाकलापका लागि प्राप्त प्रस्तावको अनुगमन फारम

| क्र.स | आधार/सूचकहरु | विवरण | कैफीयत |
|---|---|---|---|
| १ | प्रस्तावकको किसिम | | व्यक्तिगत सप्लायर्स, कृषि समूह/कृषि फर्म वा कृषि सहकारी |
| २ | आलुको प्रशोधन, प्याकेजिङ् र ब्राण्डिङ्को सम्भावना | | कार्यक्रम माग गरेका लाभग्राहीले आलुको प्रशोधन, प्याकेजिङ् र ब्राण्डिङ् जस्ता क्रियाकलाप संचालन गर्ने वा नगर्ने सो को विवरण खुलाउने |
| ३ | आधारभूत कृषि पूर्वाधार(भवन, सडक र विद्युत्) को उपलब्धता | | पूर्वाधार, सडक र विद्युत् उपलब्ध भए नभएको खुलाउने |
| ४ | अनुभव | | आलु बीउ, खायन आलु तथा आलुजन्य उपजहरुको बजारीकरण सम्बन्धी अनुभव वर्ष खुलाउने। |
| ५ | कार्यक्रम संचालनबाट हुन सक्ने रोजगारी सिर्जना | | रोजगारी सिर्जना संख्या खुलाउने। |
| ६ | विभिन्न कार्यालयबाट अनुदान लिए,नलिएको | | विगत ३ वर्षमा विभिन्न कार्यालयबाट यहि शीर्षकमा अनुदान लिए नलिएको। |
| ७ | वार्षिक बिक्रि विवरण | | आलु बीउ, खायन आलु तथा आलुजन्य उपजहरुको वार्षिक बिक्रि परिमाण खुलाउने। |

अनुगमन कर्ताको
नामः
पदः
दस्तखतः

प्रस्तावकको नामः
ठेगानाः
सम्पर्क व्यक्तिको नामः
सम्पर्क नं.

## अनुसूची ६

(परिच्छेद ४, दफा ८ को उपदफा (ग) सँग सम्बन्धित)

मूल बीउ उत्पादन र सुपरजोन तथा पकेट क्षेत्र विस्तारका लागि प्राप्त प्रस्तावको मूल्याङ्कन फारम

| क्र.स | आधार/सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफीयत |
|---|---|---|---|---|
| १ | प्रस्तावकको किसिम | १० | | व्यक्तिगत भए सामान्य, कृषि समूह/कृषि फर्म भए मध्यम र कृषि सहकारी भए उत्तम मानी अंक प्रदान गर्ने । |
| २ | भौगोलिक दृष्टिकोणले उपयुक्तता | १० | | कार्यक्रम माग गरेका लाभग्राहीहरुको भौगोलिक क्षेत्र आलु खेतिको लागि कत्तिको उपयुक्त छ सो को आधारमा सामान्य, मध्यम वा उत्तम मानी अंक प्रदान गर्ने। |
| ३ | आधारभूत कृषि पूर्वाधार(सिंचाई, सडक र विद्युत्) को उपलब्धता | १० | | सिंचाई, सडक र विद्युत् जस्ता आधारभूत कृषि पूर्वाधारहरु मध्य तिनवटै उपलब्ध भए उत्तम, दुई वटामात्र उपलब्ध भए मध्यम, एक वटा मात्र उपलब्ध रहे सामान्य र कुनै पनि उपलब्ध नरहे ० अंक प्रदान गर्ने। |
| ४ | कृषकको अनुभव | १० | | व्यवसायिक आलु खेतिको अनुभव ५ वर्षसम्म मात्र भए सामान्य, १० वर्षसम्मको भए मध्यम र१० वर्ष भन्दा बढी भए उत्तम मानी अंक प्रदान गर्ने । |
| ५ | कार्यक्रम संचालनबाट हुन सक्ने रोजगारी सिर्जना | १० | | २ जना सम्मको रोजगार सिर्जना हुने भए सामान्य, ५ जना सम्मलाई भए मध्यम र ५ भन्दा बढि भए उत्तम मानी अंक प्रदान गर्ने । |
| ६ | विभिन्न कार्यालयबाट अनुदान लिए,नलिएको | १० | | विगत ३ वर्षमा विभिन्न कार्यालयबाट यहि शीर्षकमा अनुदान लिए नलिएको(लिएको भए ० र नलिएको भए १० अंक प्रदान गर्ने) |
| ७ | प्रस्ताव गरेको आलु खेतिको क्षेत्रफल | १० | | प्रस्ताव गरेको आलु खेतिको क्षेत्रफल ५० रोपनिसम्म भए सामान्य, १०० रोपनिसम्म भए मध्यम र १०० रोपनि भन्दा माथि भए उत्तम मानि अंक प्रदान गर्ने। |
| जम्मा | | ७० | | |

नोटः कैफीयतमा उल्लेख गरिएकोमा सामान्य भए ४ अंक, मध्यम भए ७ अंक र उत्तम भए १० अंक प्रदान गर्ने। साथै प्रस्तावकको बाली लगाउने जग्गा भौगोलिक रुपमा अनुपयुक्त रहे अनुदान प्रदान गरिने छैन।

के प्रस्तावना यत्तिकै अवस्थामा कार्यक्रम संचालनका लागि योग्य छ?.................(छ/छैन)

मूल्याङ्कन कर्ताहरुको दस्तखतः प्रस्तावकको नामः

ठेगानाः

सम्पर्क व्यक्तिको नामः

सम्पर्क नं.

## अनुसूची ७

(परिच्छेद ४, दफा ८ को उपदफा (ग) सँग सम्बन्धित)

बजारीकरण सम्बन्धी क्रियाकलापका लागि प्राप्त प्रस्तावको मूल्याङ्कन फारम

| क्र.स | आधार/सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफीयत |
|---|---|---|---|---|
| १ | प्रस्तावकको किसिम | १० | | व्यक्तिगत भए सामान्य, कृषि समूह/कृषि फर्म भए मध्यम र कृषि सहकारी भए उत्तम मानी अंक प्रदान गर्ने । |
| २ | आधारभूत कृषि पूर्वाधार(भवन, सडक र विद्युत्) को उपलब्धता | १० | | भवन पूर्वाधार, सडक र विद्युत् जस्ता आधारभूत कृषि पूर्वाधारहरु मध्य तिनवटै उपलब्ध भए उत्तम, दुई वटामात्र उपलब्ध भए मध्यम, एक वटा मात्र उपलब्ध रहे सामान्य र कुनै पनि उपलब्ध नरहे ० अंक प्रदान गर्ने। |
| ३ | अनुभव | १० | | आलु बीउ, खायन आलु तथा आलुजन्य उपजहरुको बजारीकरण अनुभव ५ वर्षसम्म मात्र भए सामान्य, १० वर्षसम्मको भए मध्यम र १० वर्ष भन्दा बढी भए उत्तम मानी अंक प्रदान गर्ने । |
| ४ | कार्यक्रम संचालनबाट हुन सक्ने रोजगारी सिर्जना | १० | | ५ जना सम्मको रोजगार सिर्जना हुने भए सामान्य, १० जना सम्मलाई भए मध्यम र १५ भन्दा बढि भए उत्तम मानी अंक प्रदान गर्ने । |
| ५ | विभिन्न कार्यालयबाट अनुदान लिए,नलिएको | १० | | विगत ३ वर्षमा विभिन्न कार्यालयबाट यहि शीर्षकमा अनुदान लिए नलिएको(लिएको भए ० र नलिएको भए १० अंक प्रदान गर्ने) |
| ६ | वार्षिक बिक्रि विवरण | १० | | सम्बन्धित उपज १०० मे.टन. बिक्रि गर्ने भए सामान्य, ३०० मे.टन. सम्म बिक्रि गर्ने भए मध्यम र ३०० मे.टन. भन्दा माथि बिक्रि गर्ने भए उत्तम मानी अंक प्रदान गर्ने। |
| ७ | आलुको प्रशोधन, प्याकेजिङ् र ब्राण्डिङ्को सम्भावना | १० | | प्रस्तावकले आलुको प्रशोधन, प्याकेजिङ् र ब्राण्डिङ् तिनवटै गर्ने भए उत्तम, दुई वटामात्र गर्ने भए मध्यम, एक वटा मात्र गर्ने भए सामान्य र कुनै पनि नगर्ने भए ० अंक प्रदान गर्ने। |

नोटः कैफियतमा उल्लेख गरिएकोमा सामान्य भए ४ अंक, मध्यम भए ७ अंक र उत्तम भए १० अंक प्रदान गर्ने।

के प्रस्तावना यत्तिकै अवस्थामा कार्यक्रम संचालनका लागि योग्य छ?.................(छ/छैन)

मूल्याङ्कन कर्ताहरुको दस्तखतः

प्रस्तावकको नामः

ठेगानाः

सम्पर्क व्यक्तिको नामः

सम्पर्क नं.

**अनुसुची ८**

(परिच्छेद ४, दफा ९ को उपदफा (क) सँग सम्बन्धित)

## आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण कार्यक्रम

## सम्झौता-पत्र

गुराँस गाउँपालिकाको कार्यालय मार्फत संचालन गरिने चालु आ.व. २०८३/084 को स्वीकृत आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्न गुराँस गाउँपालिकाको कार्यालय (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र कार्यक्रमका लागि छनौट भएका गुराँस गाउपालिका वडा नं ......मा रहेको कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म श्री.................................................. (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) बीच तपसिलका सर्तनामाका आधारमा कार्यक्रम सम्पन्न गर्नका लागि सम्झौता/सहमति भई यो सम्झौतामा सहिछाप गरी एक/एक प्रति लियौँ दियौं।

**<u>तपशिल</u>**

१. यो सम्झौता पत्र व्यावसायिक कृषक/समूह /सहकारी/फर्म र गाउँ कार्यपालिकाको कार्यालय बीच आलु बालीको मूल बीउ उत्पादन, सुपरजोन, पकेट क्षेत्र विस्तार तथा बजारीकरण सम्बन्धी कार्यक्रम कार्यन्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ।

२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम सम्पन्न पश्चात सम्झौता बमोजिमको रकम उपलब्ध गराउने छ।

४. प्रथम पक्षले रकम भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको प्रतिवेदन र आवश्यकता अनुसार आयोजनाको निरिक्षण गरी रकम भुक्तानी गरिनेछ ।साथै अनुदानग्राहीले रकम भुक्तानी माग्दा कार्यक्रम सम्पन्नको कर्यक्रम झल्किने फोटो र बिल भरपाई पेश गर्नुपर्नेछ ।

५. अनुदान बापत रु............................/-(अक्षरुपी .........................................................मात्र) पहिलो पक्षबाट व्यहोरिनेछ भने लागत साझेदारी बापत रु.............................. /-(अक्षरुपी .........................................................मात्र) दोस्रो पक्षले व्यहोर्नु पर्नेछ। ।

६. दोस्रो पक्षले स्वीकृत प्रस्तावमा उल्लेखि भए बमोजिमका कार्यहरु कार्ययोजना अनुसार गर्नुपर्नेछ ।

७. पहिलो पक्षले कार्यक्रमको नियमित अनुगमन निरिक्षण गर्नुपर्नेछ ।

८. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेमा वा अनुदान रकमको दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

९. अनुदानग्राहिले भुक्तानी माग्नु पूर्व परियोजनाको सार्वजिनिकिकरण/Public Aditing सम्मेत गराउनुपर्नेछ ।

१०. दोस्रो पक्षको बैङ्कखाताको विवरण तपसिलको हुनेछ ।

| | |
|---|---|
| बैङ्कको नाम र ठेगानाः | |
| बैङ्कखाताको नामः- | |
| बैङ्क खाता नं. | |
| बैङ्कखाता संचालकको नामः- | |
| पदः- | |

११. यो सम्झौतामा उल्लेख भएका कुराहरु मा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐनं तथा कार्यक्रम संचालन कार्यविधि बमोजिम हुनेछ।

**सम्झौता मितिः २०८३ / /**

| **प्रथम पक्षः** | **दोस्रो पक्षः** |
|---|---|
| कार्यालय प्रमुखको हस्ताक्षरः<br>नामः<br>पदः<br>मितिः<br>कार्यालयको छापः | अनुदानग्राहीको तर्फबाट हस्ताक्षरः<br>नामः<br>सम्पर्क नं<br>मितिः<br>संस्थाको छाप |

साक्षी

| **प्रथम पक्षः** | **दोस्रो पक्षः** |
|---|---|
| कृषि विकास शाखा प्रमुखको हस्ताक्षरः<br>नामः<br>पदः<br>मितिः | अनुदानग्राहीको तर्फबाट साक्षीको हस्ताक्षरः<br>नामः<br>ठेगानाः<br>सम्पर्क नं<br>मितिः |

## अनुसूची ९

(परिच्छेद ४, दफा १० को उपदफा (क) सँग सम्बन्धित)

## कार्यसम्पन्न प्रतिवेदन

१. कार्यक्रमको सामान्य परिचय:

२. कार्यक्रम संचालनको उद्देश्य:

३. कार्यक्रम संचालन प्रक्रिया:

४. खर्च विवरण:

५. प्राप्त उपलब्धिहरु:

६. कार्यक्रम संचालनमा देखिएका समस्या र चुनौतिहरु:

७. समस्या समाधानका उपायहरु:

८. सुझाव तथा निष्कर्ष:

.....................................................

लाभग्राहीको हस्ताक्षर:

नामः

ठेगानाः

मिति: